का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ असोज २०७९,
बिहीबार
13 October 2022,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २४२ । पृष्ठ २०

Madhyanha National Daily

www.madhyanhadaily.com



# गठबन्धनलाई बागीको डर

एकातिर कतिपय स्थानमा गठबन्धन गर्दा पनि जित्न असहजता अर्कातिर एमालेले बागीलाई सघाएर जाने रणनीति लिएपछि आगामी निर्वाचन थप प्रतिस्पर्धात्मक बन्ने देखिन्छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २६ असोज ।

आगामी मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पार्टीले टिकट नदिएका बागीले भोट काट्दा गठबन्धनका उम्मेद्वारले चुनाव हार्ने सम्भावना बढेको छ । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका बागी उम्मेद्वारले उम्मेद्वारी फिर्ता नलिएपछि गठबन्धनको भोट कट्ने र एमालेले कतिपय स्थानमा जित्ने सम्भावना बढेको हो ।

अझ, चितवनमा त एमालेका उम्मेद्वार रामप्रसाद न्यौपानेले उम्मेदवारी फिर्ता लिएर कांग्रेसकै बागी उम्मेदवार दिनेश कोइरालालाई सघाउने तयारी गरेको छ । गठबन्धनका उम्मेदवार डा. भोजराज अधिकारी र राप्रपाका विक्रम पाण्डेलाई छोडेर एमाले बागी उम्मेद्वारको समर्थनमा उभिने भएको हो ।

त्यस्तै, कास्की २ मा गठबन्धनविरुद्ध उम्मेद्वारी दिएका नेपाली कांग्रेसका नेता महादेव गुरुङले उम्मेद्वारी फिर्ता गरेनन् । 'कांग्रेसमा शेरबहादुरको ज्यादती भयो । ५२ वर्षसम्म पनि संघर्ष सकिएको रहेनछ । फेरि संघर्ष गर्नुपर्ने आवश्यकता देखें' उनले भने । पार्टीले कारबाही गरे जनतासमक्ष जाने तर, उम्मेद्वारी फिर्ता नलिने उनको अडान छ ।

तर, नेपाली कांग्रेसले भने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा बागी उम्मेदवार बनेका नेता र तिनका प्रस्तावक तथा समर्थकलाई ५ वर्ष पार्टीबाट निष्कासन गरेको छ । गठबन्धनको आधिकारिक उम्मेदवारका विरुद्ध बागी उम्मेदवार बन्ने नेता, तिनका प्रस्तावक र समर्थकलाई ५ वर्ष निष्कासन गरेको कांग्रेसले जनाएको हो ।

त्यस्तै, नेकपा माओवादी केन्द्रबाट बागी उम्मेदवारी दिएका हेमराज भण्डारीले पनि उम्मेद्वारी फिर्ता गरेनन् । 'सत्ता गठबन्धनले भागवण्डा गरेर उम्मेदवार तय भएका – बाँकी पृष्ठ २ मा

# तयार भए उम्मेदवार

उम्मेदवारी दर्ता गरेपछि उजुरी लिने, जाँचबुझ गर्ने, फिर्ता लिने लगायतका कार्य सकाएर प्रतिनिधि सभा र प्रदेश सभा सदस्य चुनाव लड्ने प्रत्यक्ष र समानुपातिक तर्फका उम्मेदवारहरू तयार भएका हुन् ।



फोटो : निर्वाचन आयोग

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २६ असोज ।

प्रतिनिधि र प्रदेशसभाको निर्वाचनमा दर्ता भएका उम्मेदवारहरूको नामावली सार्वजनिक भएको छ । दर्ता भएका उम्मेदवारमध्ये बुधबार प्रतिनिधिसभातर्फ र प्रदेशसभातर्फ उम्मेदवारी फिर्ता चाहनेहरूले फिर्ता लिएपछि निर्वाचन आयोगले उम्मेदवारको अन्तिम नामावली सूची सार्वजनिक गरेको हो ।

यसैगरी, प्रदेश र प्रतिनिधिसभा सदस्यमा स्वतन्त्र उम्मेदवारी दिएका उम्मेदवारहरूले पनि चुनाव चिह्न पाएका छन् ।

निर्वाचन आयोगले सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयमार्फत बुधबार उम्मेदवारलाई चिह्न प्रदान गरेको हो ।

नेपाली कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवासँग प्रतिनिधिसभा चुनाव लड्न डडेल्धुरा पुगेका स्वतन्त्र उम्मेदवार सागर ढकालले 'सिरिन्ज' चुनाव चिन्ह पाएका छन् ।

नेकपा एमालेबाट टिकट नपाएपछि प्रतिनिधिसभामा स्वतन्त्र उम्मेदवारी दिएका घनश्याम भुसालले त्रिभुज चुनाव चिह्न पाएका छन् ।

तनहुँ -१ को प्रतिनिधिसभाका सदस्यमा स्वतन्त्र उम्मेदवारी दिएका कांग्रेसका पूर्व सहमहामन्त्री गोविन्दराज जोशीले 'कैंची' चुनाव चिन्ह पाएका छन् । तनहुँ १ मा सत्ता गठबन्धनबाट कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र एमालेबाट एकबहादुर राना उम्मेदवार छन् । ०७४ को निर्वाचनमा पौडेललाई असहयोग गरेको आरोपमा जोशी कांग्रेसबाट निष्काशित भएका थिए ।

झापा ५ बाट प्रतिनिधिसभा सदस्य पदमा स्वतन्त्र उम्मेदवारी दिएका युग पाठकले पुतली चुनाव चिह्न पाएका छन् ।

चितवन-३ बाट प्रतिनिधिसभामा स्वतन्त्र उम्मेदवारी दिएका नेपाली कांग्रेसका केन्द्रीय सदस्य दिनेश कोइरालाले माछा चुनाव चिह्न पाएका छन् ।

चितवन-३ को प्रतिनिधिसभाका स्वतन्त्र उम्मेदवार जगन्नाथ पौडेलले 'सूर्यमुखी फूल' चुनाव चिन्ह पाएका छन् ।

काठमाडौं क्षेत्र नम्बर ६ बाट स्वतन्त्र उम्मेदवारी दिएका गायक सञ्जय श्रेष्ठले चुनाव चिन्ह माछा पाएका छन् ।

नेकपा एमालेबाट विद्रोह गरेका नेता रामवीर मानन्धरले घण्टाघर चुनाव चिह्न पाएका छन् ।

काठमाडौं क्षेत्र नम्बर ७ मा स्वतन्त्र उम्मेदवारी दिएका यादवलाल कायस्थले चुनाव चिन्ह पानीको जार पाएका छन् । काठमाडौं उपत्यकाका सांस्कृतिक सम्पदा संरक्षणको अभियन्ता रहेका कायस्थले प्रतिनिधि सभा सदस्यका लागि स्वतन्त्र उम्मेदवारी दिएका हुन् ।

रौतहट ३ बाट प्रतिनिधिसभा सदस्य पदमा स्वतन्त्र उम्मेदवारी दिएका – बाँकी पृष्ठ २ मा

# ६०० को उम्मेदवारी फिर्ता

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ असोज ।

प्रतिनिधि सभा र प्रदेश सभा सदस्यमा उम्मेदवारी दिएका करिब ६ सय उम्मेदवार ब्याक भएका छन् । उनीहरुले उम्मेदवारीको मनोनयनपत्र फिर्ता लिएका हुन् ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार प्रतिनिधि सभामा

**आम चुनाव-२०७९**

११४ सहित प्रदेशसभामा ४८३ जनाले मनोनयनपत्र फिर्ता लिएका हुन् । यो उम्मेदवारी रद्द भएकाहरुको संख्या समेत हो । निर्वाचन आयोगका अनुसार, प्रतिनिधिसभामा कुल २ हजार ५२६ जनाको उम्मेदवारी दर्ता भएकोमा अहिले घटेर २ हजार ४१२ पुगेको छ । प्रदेशसभामा ३ हजार ४७६ जनाको उम्मेदवारी परेकोमा अहिले घटेर २ हजार ९९३ भएको छ ।

वैदेशिक रोजगार विशेष

# विभागको निर्देशन नमान्ने म्यानपावरलाई 'दफा ५४' लगाउने चेतावनी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ असोज

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारका लागि जाने क्रममा ठगीमा परेको दाबी गर्दै परेका उजुरी फछ्र्यौट गर्न तोकिएका समयमा सम्पर्क नगर्ने म्यानपावर कम्पनीलाई कारबाही गर्ने चेतावनी दिएको छ ।

विभागका निर्देशक कृष्णप्रसाद भुसालद्वारा बुधबार सूचना जारी गरी विभागमा वैदेशिक रोजगारका क्रममा ठगीमा परेका कामदारका उजुरीमा छलफल गर्न पटक-पटक पत्राचार गरी बोलाउँदा समेत केही म्यानपावर कम्पनीका सञ्चालक जानाजान विभागमा उपस्थित नभएर विभागको उजुरी फछ्र्यौट गर्ने काममा असहयोग गरेको सार्वजनिक गरेका छन् ।

विभागले भनेको छ, 'विभागमा दर्ता भएका उजुरीका सम्बन्धमा यस विभागबाट गरिने पत्राचार, आदेश तथा निर्देशन केही इजाजतपत्र कम्पनीबाट पालन नहुँदा समयमै उजुरी फछ्र्यौट गर्ने कार्यमा सख्त बाधा पुग्न गएको छ । ऐन तथा नियमावलीका व्यवस्था तथा विभागले दिने निर्देशन कार्यान्वयन नगरे ऐनको दफा ५४ बमोजिम कारबाही गर्ने अधिकार ऐनले विभागलाई दिएको समेत विभागले व्यवसायीलाई स्मरण गराएको छ ।'

उक्त दफा ५४ मा ऐन र ऐन अनुसार बनेको नियम, आदेश वा निर्देशन पालना नगर्ने म्यानपावर कम्पनीलाई पहिलोपटक सचेत गराउने, दोस्रो पटक पचास हजार रूपैयाँ जरिवाना र तेस्रो पटक सोही कसुर दोहोर्‍याएमा एक लाख जरिवाना गरी इजाजतपत्र रद्द गर्न सक्ने प्रावधान छ ।

आफ्नो कम्पनीका सम्बन्धमा परेका उजुरीमा फछ्र्यौट गर्न जानकारी पाएर पनि सम्पर्कमा नआउने केही म्यानपावर कम्पनीका सञ्चालकको प्रवृत्तिप्रति गम्भीर ध्यानाकर्षण भएको विभागले जनाएको छ । वैदेशिक रोजगार ऐन, वैदेशिक रोजगार नियमावली एवं वैदेशिक रोजगार विभागले बेलाबेलामा प्रदान गर्ने नीतिगत मार्गनिर्देशन अवलम्बन गर्नु वैदेशिक रोजगार व्यवसायीको व्यावसायिक कर्तव्य भन्दै त्यसलाई व्यवसायीले अनिवार्यरूपमा पालना गर्नुपर्ने विभागको भनाइ छ ।

विभागले समयमा सम्पर्क नगर्ने केही म्यानपावर व्यवसायीको असहयोगका कारण पीडित कामदारले दाबी गरेको मध्ये फछ्र्यौट हुन बाँकी रहेको बिगोको रकम सार्वजनिक भने गरेको छैन ।

केही दिनअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीका क्रममा ठगीमा परेका पीडितहरुलाई तीन महिनाको अवधिमा ४८ करोड रुपैयाँभन्दा बढी क्षतिपूर्ति उपलब्ध गराएको बताएको थियो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले तीन महिने अवधिमा गरेका कामको विवरण सार्वजनिक गर्दै चालु आर्थिक वर्षमा वैदेशिक रोजगार विभागमा – बाँकी पृष्ठ २ मा


## UAE मा रोजगारको अवसर

कम्पनी: WORLD SECURITY
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७९/०५/०८ चलानी नं.: ६०१८६००६ LT. No.: 270230 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 200 | 0 | स. काममा दक्ष | 1920 | ६८,६९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कात्तिक १ गते (18 October 2022) मा हुनेछ ।
बाजेको सेकुवा, पोखरा कास्कीमा २०७९ असोज ३१ गते (17 October 2022) मा हुनेछ ।
सिपी होटेल, विर्तामोड, झापामा २०७९ असोज ३० गते (16 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Orchid Overseas (P.) Ltd.**
Gov. Lic. No. 889/067/68
Ram mandir Marga, gaushala-9, Kathmandu, Tel.: 01- 015913651 5913652
Email: orchidhrinfo.np@gmail.com | Web: orchidhr.com.np
9823779487,9851048627,9805888145(Pokhara),9801458705(Birtamode)



## यूएईमा रोजगारको अवसर

कम्पनी : KNIGHTS BRIDGE GLOBAL SECURITY L.L.C.
शहर: ABU DHABI

पूर्व स्वीकृत मितिः २०७९/०६/२६ चलानी नं.: ६०१८९०१६ L.T. No.: 273075

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (PSBD) | 200 | 20 | स. काममा दक्ष | 2000 | ७१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता सेन्टर प्वाईट होटेल, विर्तामोड, झापामा २०७९ कात्तिक ३ गते (20 October 2022) मा हुनेछ ।
होटेल इनटुरिष्ट, इटहरीमा २०७९ कात्तिक ४ गते (21 October 2022) मा हुनेछ ।
बाजेको सेकुवा, पोखरा कास्कीमा २०७९ कात्तिक ५ गते (22 October 2022) मा हुनेछ ।
होटेल रेड कारपेंट, चितवन, भरतपुर र मेनपावर प्रधान कार्यालयमा २०७९ कात्तिक ६ गते (23 October 2022) मा हुनेछ ।

Basic Salary AED 2000 र Compulsory Overtime Allowances AED 770 सहित AED 2770 (रु ९९११०) भन्दा माथी कमाउन सकिनेछ ।

Approval Ready भएको हुनाले महिना दिन भित्र उडि सक्नु पर्नेछ ।
उमेर २१ देखि ३९ बर्ष, उचाईः ५.६ भन्दा माथि, SLC or Above सो सरह, English भाषा राम्रो सँग लेख्न र बोल्न सक्ने साथै सम्बन्धित कामको अनुभव भएकाहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कोड इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ६६०/०६३/०६४
Kathmandu 10, Pipalbot Marg, Old Baneshwor Height, Nepal
फोनः ५९१२८४३, ५९१२८४४
Email: info@codenepal.com.np. | Url www.codenepal.com.np

Contact No. For Jhapa:Roshan Upreti 9851014572, 9802028989, Bishnu Upreti 9842775539,9801452351
Contact No. For Itahari:Ramesh Raut 9811316332 ,9862283597,981-8182379
Contact No. For Pokhara: Sagir Ali 9814166039,9805827782
Contact No. For Chitwan: Sunrise Adhikari 9855064979, 9855064978, 9855054979
Contact No. For Head office:9841534874, 9851082081,9808177945, 9815106420, 9849682246, 9810102409, 9818329506, 9851244586, 9815900470, 9860132704, 9801126842, 9851134795, 9801103310, 9806552115,

यस कार्यालयको लागि अनुभवी Documentation officer चाहिएकोले इच्छुक महानुभावहरुले मेनपावर कार्यालयमा सम्पर्क गर्नु होला ।



## VACANCY ANNOUNCEMENT

One of the reputed company is seeking for following applicants.

- PRO : 4 M/F
- Documentation Officer : 1 F

Minium Salary: 25000 to 30000
Salary: Negotiable

Requirements: Confident and able to work under pressure
Experience: 5 Years in manpower field.

**H.M.T. OVERSEAS PVT. LTD.**
Sinamangal, Gamka Marga, Kathmandu
Contact No.: 9818313946, 9803515104, 9841788448, 9869317171



## MALAYSIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी: MANUFACTURING SDN BHD शहर: JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०६/२६ चलानी नं.: ६०१८९०९० LT. No.: 273185

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कात्तिक २ गते (19 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SHARON MANPOWER SERVICES PVT. LTD.**
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957

मध्यान्ह
www.madhyanhadaily.com
२७ असोज २०७९, बिहीबार
13 October 2022, Thursday

# उम्मेदवारको अन्तिम नामावली सार्वजनिक



**काठमाडौं/मस-** निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरेको छ। आयोगले आगामी मंसिर ४ मा हुने आमनिर्वाचनको कार्यतालिका अनुसार बुधबार उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरेको हो। आयोगको सूची अनुसार प्रतिनिधिसभाका लागि २ हजार ४१२ उम्मेदवार चुनावी मैदानमा रहेका छन्।

यस्तै आयोगले प्रदेशसभा निर्वाचन तर्फका उम्मेदवारहरूको पनि अन्तिम सूची सार्वजनिक गरेको छ।

आयोगले सार्वजनिक गरेको सूची अनुसार प्रतिनिधिसभा अन्तर्गत प्रत्यक्ष निर्वाचनतर्फ देशभर ८ सय ६७ जना स्वतन्त्र उम्मेदवार कायम भएका छन्। उम्मेदवारी फिर्ताको समय सकिएपछि आयोगले सार्वजनिक गरेको अन्तिम नामावलीमा प्रतिनिधिसभा तर्फ ८ सय ६७ जना स्वतन्त्र उम्मेदवार कायम रहेको उल्लेख गरिएको छ।

आयोगका अनुसार विभिन्न राजनीतिक दल र स्वतन्त्रबाट गरेर प्रतिनिधिसभार्फत ११९ र प्रदेशसभातर्फ २५७ जनाले उम्मेदवारी फिर्ता लिएका छन्। प्रतिनिधिसभातर्फ ११९ जनाले फिर्ता लिएसँगै २ हजार ४१२ जनाको उम्मेदवारी कायम भएको छ। जसमा २ हजार १८७ जना पुरुष र २२५ जना महिलाको उम्मेदवारी कायम भएको छ। प्रदेशसभातर्फ पनि विभिन्न राजनीतिक दल र स्वतन्त्रबाट गरेर २५७ जनाले उम्मेदवारी फिर्ता लिएसँगै ३ हजार २२४ जनाको उम्मेदवारी कायम भएको छ। जसमा २ हजार ९४३ जना पुरुष, २८० जना महिला तथा एक जना अन्यको उम्मेदवारी कायम भएको हो।

# लैङ्गिक समानता कायम गर्न संसद्ले अग्रणी भूमिका खेल्नुपर्छ : अध्यक्ष तिमिल्सिना



**काठमाडौं/मस-** राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले लैङ्गिक समानता कायम गर्न सर्वोच्च प्रतिनिधिमूलक संस्था संसद्ले अग्रणी भूमिका खेल्नुपर्नेमा जोड दिएका छन्।

अफ्रिकी मुलुक रुवान्डाको राजधानी किगालीमा आयोजित अन्तर व्यवस्थापकीय सङ्घ (आइपियू)को १४५औं सम्मेलनमा नेपालको सङ्घीय संसद्कोतर्फबाट 'लैङ्गिक समानता र लैङ्गिक संवेदनशील संसद् : जुझारु र शान्तिपूर्ण विश्वका लागि परिवर्तनको संवाहक' विषयमा सम्बोधन गर्दै उनले पछिल्ला वर्षमा लैङ्गिक समानताका क्षेत्रमा उल्लेख्य प्रगति भएको बताए।

नेपालले पनि सन् २०१५ को संविधानबाट सङ्घीय संसद् र प्रदेशसभामा एक/तिहाइ महिला प्रतिनिधित्व सुनिश्चित गरेको जनाउँदै उनले नयाँ संविधानअनुसारको पहिलो निर्वाचनबाट संसद्मा ३४ प्रतिशत महिला जनप्रतिनिधि निर्वाचित भएका बताए।

जलवायु परिवर्तन र यसबाट सिर्जित प्रकोपले महिलालाई असमान प्रभाव पारेको जनाउँदै उनले बाढी, पहिरो, भूक्षयजस्ता जलवायु परिवर्तनको प्रभावले सिर्जित प्रकोपबाट विस्थापित महिला बेचबिखन र यौन हिंसाको बढी जोखिममा हुने बताए। जलवायु परिवर्तनका कारण उत्पादकत्व घटेर खाद्यान्नको उपलब्धता कम हुँदा परम्परागतरूपमै उत्पीडनमा परेका महिला भोकमरीको पहिलो सिकार हुने जोखिम बढेको बताए।

जलवायु परिवर्तनको असर नेपालजस्ता हिमालय र पर्वतीय देशमा बढिरहेको जनाउँदै उनले तापमानका कारण हिमालको हिउँ पग्लिँदाको असर तल्लो तटीय र टापु मुलुकमा समेत पर्ने बताए। अत्यधिक कार्बन उत्सर्जन गर्ने ठूला औद्योगिक र शक्ति राष्ट्रले जलवायु परिवर्तनको जोखिम न्यूनीकरणको प्रतिबद्धता र लगानी बढाउनुपर्नेमा जोड दिँदै उनले कार्बन उत्सर्जन कम गर्ने मुलुकलाई त्यसबापतको रकम विकास सहायता र गरिबी निवारण कार्यक्रमका रूपमा उपलब्ध गराउनु आवश्यक रहेको बताए।

# पाइनै छाड्यो स्थानीय जातका कुखुरा



**मेलम्ची/मस-** पछिल्लो समय सिन्धुपाल्चोकमा स्थानीय जातका कुखुरा पाइनै छाडेको छ। क्रस, ब्वायलर र गिरिराज जातका कुखुरा गाउँगाउँमा पाइन्छ। तर स्थानीय जातका कुखुरा भने विरलै मात्रामा पाइन्छ।

स्थानीय जातका कुखुराबाट आम्दानी हुन लामो समय कुर्नुपर्ने तर उन्नत र ब्वायलर कुखुराबाट छिटो आम्दानी हुने भएकाले पनि स्थानीय जातका कुखुरामा कमी आउन थालेको हो। जिल्लाको सुगम ठाउँमा मात्रै होइन, दुर्गम क्षेत्रमा समेत ब्वायलर, कोइलर र गिरिराज जातको कुखुराको चल्ला ल्याएर पाल्न थालेपछि स्थानीय जातका कुखुरामा कमी हुँदै आएको छ।

स्थानीय जातका कुखुरा महँगो पर्नाका साथै हुर्कनका लागि समय लाग्ने भएकाले लेयर्स, ब्वायलर कोइलर, गिरिराज जातका कुखुरापालनप्रति किसानको आकर्षण बढेको मेलम्ची-७ का बिना भारतीले बताए। छिटो हुर्कने र सस्तो हुने भएकाले नयाँ जातका कुखुराको माग बढ्न थालेकाले स्थानीय जातको कुखुरामा कमी आएको उनले बताए।

कृषकहरुले घरघरमा खानकै लागि पनि आधुनिक जातका कुखुरापालन गरिरहेको इन्द्रावती-४ का नरमान श्रेष्ठले बताए। उनले नयाँ जातका कुखुराहरु छिटो हुर्कने र मनग्य आम्दानी गर्न सकिने भएपछि अधिकांशले आफू खान र केही खर्च जुटाउन पनि उन्नत जातका कुखुरा मात्रै पाल्ने गरेको जानकारी दिए।

स्थानीय जातका विशेषगरी साकिनी, घाँटी खुइले र उल्टे प्वाँख जातका कुखुराभन्दा ब्वायलर कुखुरा दुई महिनाभित्र बजारमा लिएर आउने र बिक्री भएर आम्दानी हातमा पर्ने भएकाले स्थानीय जात हराउन थालेको स्थानीयहरुले बताएका छन्।

स्थानीय जातको कुखुराको माग अत्यधिक हुने भए पनि उत्पादन हुन धेरै समय लाग्ने भएकाले स्थानीय जातका कुखुरापालनमा कृषकको आकर्षण कमी आएको मेलम्ची-१० का देवीबहादुर अधिकारीले बताए। अधिकारीका अनुसार पछिल्लो समय सस्तो मूल्यमा ब्वायलर, कोइलर, गिरिराज कुखुरा आउन थालेपछि किसानहरु उन्नत जातका कुखुराप्रति आकर्षित भएका छन्। स्थानीय जातका कुखुरापालनमा आकर्षित हुने कृषकको संख्या कमी भएको उनले बताए।

अन्य कुखुराभन्दा लोकल कुखुरा महँगो पर्ने र लामो समय कुर्नुपर्ने भएकाले पनि स्थानीयहरु स्थानीय जातका कुखुरापालनमा आकर्षण घटेको उहाँले बताए।

जिल्लाका प्रत्येक गाउँगाउँमा विभिन्न उन्नत जातका कुखुराको प्रचलन बढ्दै गएको छ। स्थानीय जातका कुखुरा संरक्षणमा र स्थानीय जातको कुखुराको उत्पादन वृद्धि गरी बजारीकरणमा सहजीकरण गर्न स्थानीय तहले सहजीकरण गर्नुपर्ने आवश्यकता रहेको छ।

# पुल नबन्दा जोखिमपूर्ण यात्रा गर्न बाध्य

**दैलेख/मस-** दैलेखको भगवतीमाई गाउँपालिकामा पर्ने बालतडा खोलामा पुल नबन्दा स्थानीय जनता जोखिमपूर्ण यात्रा गर्दै आएका छन्। पुल नहुँदा वर्षात्को समयमा काठको मुढा बिछ्याएर लाप्कोको सहायताले जनताले खोला तर्दै आएका छन्।

भगवतीमाई गाउँपालिका-३ सान्तडा र ४ नं को मध्यपहाडी राजमार्गमा जोड्ने पुल नहुँदा वर्षायाममा विद्यार्थीको पढाइसमेत प्रभावित हुने गरेको छ। पुलकै कारण सान्तडामा बनेको १५ श्यया अस्पताल कहिले सञ्चालन हुने भन्ने कुराकोसमेत अन्योल छ।

१५ श्यया अस्पताल बनेको करिब चार वर्ष बितिसक्दा पनि खोलामा पुलको समस्याले गर्दा असहज यात्रा गर्नुका साथै अस्पताल सञ्चालन गर्न नसकिएको भगवतीमाई गाउँपालिका अध्यक्ष गणेश थापाले बताए।

भगवतीमाई गाउँपालिकाको मुख्य बजार बेस्तडा आउने खोलामा पुल नहुँदा वर्षौंदेखि दुःख खेप्दै आएका स्थानीयवासीले मध्यपहाडी राजमार्गको रुम खोलामा बनेको पुलबाट सहज यात्रा गर्ने अपेक्षामा बसेको भए पनि मध्यपहाडी राजमार्गले रुम र मन्धर जोड्ने पुल बनाइदिएपछि मन्धर सान्तडा जोड्ने पुल नहुँदा स्थानीयले झनै जोखिमपूर्ण यात्रा गर्न बाध्य भएको भगवतीमाई गाउँपालिका-४ तुर्सुका बासिन्दा बताउँछन्।

जाजरकोटको जुनिचाँदे गाउँपालिकासम्म छोटो बाटो प्रयोग गर्ने खोलामा पुल नहुँदा जोखिम मोलेरै यात्रा गरिरहेका छन्। खोलाका कारण अस्पताल सञ्चालन नभएपछि कतिपय जनताले रोग पालेरै गाउँमा बस्नुपर्ने र कतिपयले जोखिम यात्रामा करिब दुई घण्टा पैदल हिँडेर बेस्तडा बजारमा गाडी भेट्नुपर्ने बाध्यता त्यहाँका बासिन्दाको छ।

कहिलेकाहीँ लामो बाटो हिँड्दै आउँदा गाडी नै छुटेर पुनः घर फर्किनुपर्ने बाध्यता हुने भगवतीमाई गाउँपालिका- ३ का कर्णवीर विकले बताए।

## गठबन्धनलाई ...

छन्। त्यसमा पार्टीका तर्फबाट कुनै नेताले बागी उम्मेदवारी दिएमा कारवाही हुन्छ। त्यति मात्र होइन प्रस्तावक र समर्थकलाई समेत कारवाही गर्छौं।' कोषाध्यक्ष श्रीराम ढकालले भने। बागी उम्मेदवार, प्रस्ताव र समर्थक तीनै पक्षलाई कारवाही गरेर जाने माओवादी केन्द्रको तयारी छ।

त्यस्तै, नेकपा एकीकृत समाजवादीलाई लुम्बिनीमा प्रदेशमा एक्लै बनाईएको भन्दै बागी उठेका दलबहादुर सुनारले पनि उम्मेद्वारी फिर्ता गरेनन्। आफूहरुलाई सिधैं अन्याय गर्न खोजिएपछि विरोधमा उठ्न बाध्य भएको उनको भनाइ छ। यद्यपि, समाजवादीले उम्मेद्वारी फिर्ता गर्नेको नाम समेटेर विज्ञप्ती नै जारी गरेको छ। एकातिर, कतिपय स्थानमा गठबन्धन गर्दा पनि जित्न असहजता अनि अर्कातिर एमालेले बागीलाई सघाएर जाने रणनीति लिएपछि आगामी निर्वाचन थप प्रतिस्पर्धात्मक बन्ने देखिन्छ।

## तयार...

प्रभु साहले चुनाव चिह्न ह्यान्ड पाइप (हातेकल) पाएका छन्।

कैलाली निर्वाचन क्षेत्र नम्बर ५ मा स्वतन्त्र उम्मेदवारी दिएका पूर्व राज्यमन्त्री पुष्करनाथ ओझाले चुनाव चिन्ह 'माछा' पाएका छन्।

यस्तै कैलाली प्रदेश सभा (२) मा स्वतन्त्र उम्मेदवारी दिएका क्षितिज भण्डारीले चुनाव चिन्ह 'केरा' पाएका छन्।

काठमाडौंमा ५ मा स्वतन्त्र उम्मेदवरी दिएका रञ्जु दर्शन सेल रोटी चुनाव चिन्ह पाएकी छन्। उनी ०७४ सालको निर्वाचनमा काठमाडौं महानगरपालिका प्रमुखमा पराजित भएकी थिइन्।

झापा २ मा स्वतन्त्र उठेका अधिवक्ता स्वागत नेपालले भने गोर्खालीको निशानी क्रस खुकुरी चुनाव चिह्न पाएका छन्। यस्तै, झापा ४ मा स्वतन्त्र उम्मेदवारी दिएकी खुश्बु ओलीले क्रस खुकुरी चुनाव चिन्ह पाएकी छन्।

उता सर्लाही ४ बाट उम्मेदवारी दर्ता गराएका अमरेश कुमार सिंहले माछा चिन्ह प्राप्त गरेका छन्। त्यस्तै, सुनसरी १ बाट चुनावी मैदानमा उत्रिएका मनोज मेन्यांबोले खरायो चुनाव चिन्ह पाएका छन्।

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को अनुसूची २९ बाट प्रतिनिधिसभा सदस्यका स्वतन्त्र उम्मेदवारलाई निर्वाचन चिन्ह दिएको निर्वाचन आयोगका प्रवक्ता एवम् सहसचिव शालिग्राम शर्माले जानकारी दिए।

उनी भन्छन्, ' प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिकाको अनुसूची ३० बाट प्रदेशसभा सदस्यका स्वतन्त्र उम्मेदवारलाई मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयमार्फत चुनाव चिन्ह उपलब्ध गराइएको हो।'

चुनाव चिह्न लिने लगायतका कार्य सकिएसँगै प्रतिनिधि सभा र प्रदेश सभा सदस्यमा चुनाव लड्ने उम्मेदवार तयार भएका छन्। उम्मेदवारी दर्ता गरेपछि उजुरी लिने, जाँचबुझ गर्ने, फिर्ता लिने लगायतका कार्य सकाएर चुनाव लड्ने प्रत्यक्ष र समानुपातिक तर्फका उम्मेदवारहरू तयार भएका हुन्।

## विभागको ...

आएको निवेदनका आधारमा पीडितहरूलाई ४८ करोड ४ लाख ८५ हजार रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराइएको बताएका थिए।

वैदेशिक रोजगारीको क्रममा भएका ठगीको उजुरी जिल्ला प्रशासन कार्यालयले हेर्ने र उजुरीमा कारबाही गरी पीडितलाई क्षतिपूर्ति दिलाउने व्यवस्था करिब तीन वर्षदेखि कार्यान्वयनमा छ। मन्त्रालयले उक्त व्यवस्था पीडितहरूलाई न्याय दिन प्रभावकारी रहेको भन्दै आगामी दिनमा त्यसलाई संघीयताको मर्मअनुसार थप प्रभावकारी बनाउने बताएको छ।

विभागले दशैं पछाडिका ४ दिनमा दुई वटा सूचना जारी गरेर वैदेशिक रोजगार व्यवसायीप्रति असन्तुष्टि जनाएको छ। मंगलबार विभागले मुख्यतः वैदेशिक रोजगारका लागि मलेसिया जाने कामदारबाट विज्ञापनमा उल्लेखित शर्त विपरीत रकम असुल गरिएको भन्दै कडा कारबाही गर्ने चेतावनी दिएको थियो।

वैदेशिक रोजगारमा जाने कामदारलाई अनुचित लागतको बोझबाट मुक्त गर्ने उद्देश्यसहित फ्रि-भिसा, फ्रि-टिकटको निर्णय लागू गरिएको भएपनि व्यवहारमा म्यानपावर कम्पनीहरूले कार्यान्वयन नगरेको भन्दै ऐनको दफा ५३ अनुसार कारबाही गर्ने विभागले बताएको छ।

ऐनको दफा ५३ मा म्यानपावर कम्पनीले तोकिएभन्दा बढी रकम लिएमा लिएको रकम फिर्ता गर्न लगाई पटकैपिच्छे एक लाख रूपैयाँ जरिवाना गर्ने प्रावधान रहेको छ।


UAE मा रोजगार

कम्पनी: BARARI NATURAL RESOURCES LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/०४/२६ चलानी नं.: ६०१८५१३७ L.T. No.: 269262 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 19 | 0 | स. काममा दक्ष | 800 | २७,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ३ गते (20 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७

Al Secure Manpower Recruitment P. Ltd.

Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700 | Email: documentation@smrnepal.com | Website: smrnepal.com






इटहरी उप-महानगरपालिका कार्यालय
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, नेपाल

आम चुनाव:२०७९

# दर्ता भएका ८६ दलमध्ये ५७ मात्र प्रत्यक्षमा



**काठमाडौं/मस–** आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा भाग लिने प्रयोजनका लागि निर्वाचन आयोगमा ८६ दल दर्ता भए पनि ५७ दलले मात्र प्रत्यक्षतर्फ उम्मेदवारी दिएका छन् ।

प्रतिनिधिसभातर्फ ५७ दलले उम्मेदवारी दिएको आयोगले जनाएको छ । प्रदेशसभातर्फ भने प्रत्येक प्रदेशमा प्रत्यक्षतर्फ उम्मेदवारी दिने दलको संख्या फरक छ । प्रदेश एकमा ३०, मधेशमा ३७, वाग्मतीमा ३२, गण्डकीमा २३, लुम्बिनीमा २५, कर्णालीमा १६ र सुदूरपश्चिममा २० दलले प्रदेशसभातर्फ प्रत्यक्षतर्फ उम्मेद्वारी दिएका छन् ।

आयोगमा दर्ता भएका दलको सङ्ख्या भने एक सय १६ रहेको सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए । दर्ता भएका सबै दलले आगामी निर्वाचनमा भाग नलिने पनि उनले बताए । विसं २०७४ को निर्वाचनमा प्रत्यक्षतर्फ ५५ दलले भाग लिएका थिए ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि आगामी मङ्सिर ३ गते १८ वर्ष पूरा हुनेले मतदान गर्न पाउनेछन् । त्यसका लागि मतदातासँग परिचय पत्र हुन आवश्यक छ । आगामी मङ्सिर ३ गतेसम्म १८ वर्ष पूरा हुनेसमेत एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० जनाले मतदान गर्न पाउने आयोगले जनाएको छ। जसमा ९१ लाख ४० हजार आठ सय ६ पुरुष, ८८ लाख ४७ हजार पाँच सय ७९ महिला र एक सय ८५ अन्य मतदाता रहेका छन् ।

# स्वतन्त्र उम्मेदवार केसीको चुनाव चिन्ह 'क्रस खुकुरी'

**काठमाडौं/मस–** आगामी मंसिर ४ गते हुने आम निर्वाचनमा काठमाडौं ७ बाट उम्मेदवार बनेका इन्जिनियर किरण केसीले 'क्रस खुकुरी' चुनाव चिन्ह पाएका छन् । निर्वाचन आयोगले स्वतन्त्र उम्मेदवार केसीलाई 'क्रस खुकुरी' चिन्ह दिएको हो ।

अस्ट्रेलियाबाट फर्किएर उम्मेदवार बनेका केसीले आइतबार उम्मेद्वारी दर्ता गरेका थिए। कान्छो उम्मेदवारको रुपमा परिचित २८ वर्षीय केसी काठमाडौं ७ बाट उम्मेदवार बनेका हुन् । उनी अस्ट्रेलियाबाट आएदेखि नै चुनाव केन्द्रित अभियानमा छन् । दैनिक भेटघाट र रणनीति निर्माणमा हाल उनको टिम लागिरहेको छ। केसी हाल उम्मेदवारी घोषणा गरेका मध्येका कान्छा उम्मेदवार मानिन्छन् ।

**भट्टराईसँग मुख्य प्रतिस्पर्धा**


यस क्षेत्रमा एमबिए इन्जिनियर केसी र अस्मिता सिंह यमी भट्टराईबीच मुख्य प्रतिष्पर्धा हुनेछ ।

किरण केसी स्वतन्त्र हुन् भने मानुषी यमी गठबन्धनको समर्थनसहित माओवादीबाट उठेकी छन् । केसीले २ महिना अघि देखि नै काठमाडौं ७ मा चुनावी अभियान थालेका थिए । काठमाडौं ७ मा तारकेश्वर नपा, नागार्जुन नपा र काठमाडौं मनपाका केहि वडा पर्छन्।

कुल १० वडा यस क्षेत्रमा रहेका छन् । केसी बसन्तनगर माछापोखरीका स्थानीय बासिन्दा हुन् । संसदीय राजनीतिमा दुबैको पहिलो चुनाव हो। मानुषीको उमेर ३६ छ भने केसीको उमेर २८ छ। यस क्षेत्रमा डमी उम्मेद्वारहरु धेरै छन्। यहाँ सरकारी गठबन्धन बाहेक सबै दल एक्लै-एक्लै लड्दै छन् ।

# विजय कँडेलले पाए चप्पल चुनाव चिन्ह

**काठमाडौं/मस–** काठमाडौं निर्वाचन क्षेत्र नम्बर ५ का स्वतन्त्र उम्मेदवार विजय कँडेलले चप्पल चुनाव चिन्ह पाएका छन् ।



निर्वाचन आयोगले स्वतन्त्र उम्मेदवार कँडेललाई चप्पल चुनाव चिन्ह दिएको हो । निर्वाचन आयोगले स्वतन्त्र उम्मेदवारलाई बुघबार चुनाव चिन्ह प्रदान गरेको छ । निर्वाचन आउन ३९ दिन बाँकी रहँदा आयोगले चुनाव चिह्न वितरण गरेको हो।

आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचनमा काठमाडौं निर्वाचन क्षेत्र नम्बर ५ का लागि स्वतन्त्र उम्मेदवार बनेका युवा व्यवसायि तथा सामाजिक अभियन्ता विजय कँडेललाई चप्पल चुनाव चिन्ह दिएको निर्वाचन अधिकृतको कार्यलयले जानकारी दिएको छ ।

निर्वाचन आयोगले बुधबार साँझ कँडेललाई चप्पल चुनाव चिन्ह दिएको हो । उनी चुनाव चिन्ह लिन टोखा नगरपालिकाको वडा नम्बर ५ मा रहेको निर्वाचन अधिकृतको कार्यालय पुगेका थिए ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनका लागि असोज २३ गते उम्मेदवारी दिएका स्वतन्त्र उम्मेदवारहरुलाई चुनाव चिह्न वितरण गरिएको हो।

प्रतिनिधि सभा र प्रदेश सभाका लागि छुट्टा छुटटै निर्वाचन चिह्न वितरण गरिएको आयोगले जनाएको छ। काठमाडौं क्षेत्र नम्बर ५ मा १४ जना स्वतन्त्र उम्मेदवारहरु मध्ये कँडेल बलियो उम्मेदवार देखिन्छन्।

**मोटरसाईकल हराएको सूचना**

मिति २०७९/०५/०५ गते रातको अं. १२:०० बजेको समयमा का.जि.गोकर्णेश्वर नगरपालिका वडा नं ०५ नयाँबस्ती कलब स्थित सडक किनारामा पार्किङ्ग गरी राखेको बा.प्र. ०२०२२ प.४५१५ नम्बरको 220 CC ABS कालो रङको पल्सर मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनी : उदय राई
च्यासिस नं : MD2A13EX8LCJ83627
इन्जीन नं : DKXCLJ09431
सम्पर्क नं : ९८४०३२०९५७

# सत्यमोहन जोशीको स्वास्थ्यमा सुधार

**काठमाडौं/मस–** शताब्दी पुरुष सत्यमोहन जोशीको स्वास्थ्यमा सुधार आएको छ । किष्ट मेडिकल कलेज तथा शिक्षण अस्पतालमा उपचाररत रहेका जोशीको स्वास्थ्यमा केही सुधार भएको अस्पतालका निर्देशक प्रा. डा. सुरज बज्राचार्यले जानकारी दिए ।



उनका अनुसार जोशीले सामान्य दोहोरो कुरा गर्न सकेका छन् । 'उहाँ सामान्य दोहोरो कुरा गर्नसक्ने अवस्थामा हुनु भएको र कमजोरी कायमै रहँदा उहाँलाई डिलक्स क्याविनमा सिफ्ट गरी सधन उपचार कक्ष (आइसियु) सरहकै सुक्ष्म निगरानीमा नर्सिग तथा मल्टीडिसिप्लिनरी केयरसहित उपचार गरिएको छ', बुलेटिनमा भनिएको छ।

जोशीको पछिल्लो समयमा देखिएको निमोनियाको सङ्क्रमणका साथै मुटुको चालसम्बन्धी समस्याको उपचारसमेत जारी राखिएको छ । खकार परीक्षण गर्दा एन्टिबायोटिक्स् कोर्स निरन्तर दिइनुपर्ने देखिएको अस्पतालले जारी गरेको बुलेटिनमा उल्लेख गरिएको छ । स्वास्थ्यमा समस्या आएपछि १९ दिनदेखि उनको अस्पतालमा राखेर उपचार गरिएको छ ।

**मलेसियामा रोजगार** | १. कम्पनी: HIGH GRADE FURNITURE SDN.BHD. शहर:Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०६/२६ चलानी नं.: ६०१८९१०४ LT. No.: 273220

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY WORKERS | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: Fetta Auto Part Industries(M) Sdn.Bhd शहर:Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०६/२६ चलानी नं.: ६०१८९१०३ LT. No.: 273222

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY WORKERS | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ३ गते (20 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Gorkhas Associate (P.) Ltd.**
P.O. Box: 21051, Maharajgunj, Kathmandu, Nepal
Tel: 4378895, 4377756, 4379078
Gov. Lic. No. 969/067/068

**KUWAIT मा रोजगार** | कम्पनी : ROMA GLOBAL CONSUMER ORDER DELIVERY KUWAIT. शहर: KUWAIT

पुर्व स्वीकृत मिति: २०७९/०५/२६ चलानी नं.: ६०१८७३७५ L.T. No.: 271613 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Car Driver | 25 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५५,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bike Riders | 20 | 0 | | 135 | ५५,६५२ | | | | | | | |
| 3. | Labour Reporter | 40 | 0 | | 95 | ३९,१६२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ३ गते (20 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**OMAMA MANPOWER PVT. LTD.**
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu, Tel 4581383
Mob.: 9805945922, 9805945923, 9805956422
Gov. Lic. No. 1422/074/075
E-mail: omamamanpower1422@gmail.com. URL : www.omamamanpower.com

हार्दिक बधाई तथा शुभकामना

**MITERI Development Bank Limited**
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond
Head Office :
Dharan - 5, Mahendrapath, Sunsari, Nepal
Tel : 025-536317, 536505
E-mail : miteribank@wlink.com.np
१७ औं

सफलतापूर्वक आफ्नो कार्यकालको १६ वर्ष पुरा गरी १७ वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

**SiddharthaBank**
Dharan Branch, Ph.: 025-539022

**PRIME BANK LTD.**
Dharan Branch
Ph.: 025-533049

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
Corporate Office: X Block ,Kathmandu Plaza, Kamaladi Kathmandu, Nepal
+977-01-4168605/606/607/608
info@jbbl.com.np
Dharan Branch, Ph.: 025-535185

**Reliable Life Insurance Ltd.**
Corporate Office: Gyaneshwor, Kathmandu
Phone No: +977-01-4523618, 4523630, Fax No: +977-01-4523657
Email: info@reliablelife.com.np, Url: www.reliablelife.com.np
Regional Office: Itahari

**MANJUSHREE FINANCE LIMITED**
मञ्जुश्री फाईनान्स लिमिटेड
Head office:Omkar Building,Second Floor Naya Baneshwor, GPO Box :23170,Kathmandu,Nepal
Tel:01-4782517,4784170,4783185, Fax:01-4782534
Email:info@manjshreefinance.com.np, www.manjushreefinance.com.np
Itahari Branch, Ph.: 025-585327
Dharan Branch Ph: 025-530203

**WORLDLINK**
WorldLink Communications Ltd.
Jawalakhel, Lalitpur
P.O.Box 8207
Kathmandu, Nepal
Fax: +977-1-5529403
Email: info@worldlink.com.np
Dharan Branch Ph: 025-535900

**MERCANTILE OFFICE SYSTEMS PVT. LTD.**
Kathmandu, Nepal
Website: www.mercantile.com.np

**Aswini Bansal**
Biratnagar-10, Morang

Pro.: Tirtha Raj Ghimire
**Arjun Dristi Security Services**
Biratnagar-13
Ph.: 021-470895
Mob.: 9852028781

Er. Diwash Mohan Shrestha
**P-con Consultancy**
Dharan
Mob.: 9852020304

**NepalRemit**
नेपालरेमिट

**prabhu Money Transfer**

सगरमाथा इन्स्योरेन्स कं. लि.
**Sagarmatha Insurance Company Ltd.**

**VACANCY ANNOUNCEMENT** HUAWEI

Huawei Technologies Nepal Company Private Ltd is a telecommunication solution provider with long-term partnership with operators in Nepal. Working with our customers, we are committed to enriching people's lives through communication. Huawei is seeking for qualified candidates in following positions

**Position:**

Service Solution Manager

**No. of Person required:** 1

**Job Responsibilities:**

- Responsible for customer requirement exploring and analysis, marketing intelligence and competitor analysis.
- Responsible for developing and building the overall service business infrastructure surrounding the assigned customer group.
- Responsible for creating and customizing solution in bidding project, such as statement of compliance, service solution proposal, service competence presentation, etc.
- Responsible for the operation, coordination and management of key service activities and events, such as workshops, meetings, forums, etc.
- Negotiate the contract with operator, including the scope of work, responsibility matrix, project schedule, price etc.
- Engage in Services pre-sales phase by supporting customer's communication and by developing branding solutions and clarification workshops.
- Manage the service solution team, assign the yearly target to each employee and support them to finish their target.
- Train department employee and lead department employee to grow.

**Qualification:**

- Bachelor Degree or above in Computer Science or Engineering.
- Minimum 7 years' experience in the field of telecommunications or related areas.
- Has overall and deep understanding of telecom business.
- Need to be team player with great attitude of being initiative and always willing to take challenges
- Good proficiency in English language both spoken & written. Ability to speak & write Chinese language is preferred.

**Interested Candidates for all of the above positions are requested to send Job application, CV and copy of educational certificates at nepal@huawei.com by 20th October, 2022. Preference will be given to Nepalese citizens.**

**यूएईमा रोजगार** | कम्पनी: WESTERN BAINOONA GROUP FOR GENERAL CONTRACTING L.L.C शहर: : UAE

पुर्व स्वीकृत मिति: २०७९/०४/२९ चलानी नं.: ६०१८५३७० LT. No.: 269585 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Maintenance Labour | 155 | 0 | स. काममा दक्ष | 800 | २७,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ३ गते (20 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Rainbow Overseas Pvt. Ltd.**
Nepal Govt. Labour Lic No 352/ 059/060, Mitrapark-07, Chabahil KTM, Nepal
Phone : 01- 5910277 / 5910278, 9801199802 / 9801199803

**मलेसियामा रोजगार** | कम्पनी: SUNSHINE WHOLESALE MART SDN BHD शहर: MALAYSIA, Penang

पूर्व स्वीकृत मिति: २०७९/०५/२९ चलानी नं.: ६०१८७६४२ LT. No.: 271777 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelf filler | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: HAROLDS BREAD (FACTORY) SDN. BHD. शहर: MALAYSIA, Kuala Lumpur

पूर्व स्वीकृत मिति: २०७९/०६/१० चलानी नं.: ६०१८८३९३ LT. No.: 272575 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Work | 35 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: DESTINASI ENAK SDN BHD शहर: Malaysia,PONTIAN

पूर्व स्वीकृत मिति: २०७९/०४/३० चलानी नं.: ६०१८६१०० LT. No.: 269539 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | RESTURENT WORKER | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी: AHM Consultancy & Security Services SDN.BHD. शहर: Malaysia,JALAN

पूर्व स्वीकृत मिति: २०७९/०४/३० चलानी नं.: ६०१८६०९५ LT. No.: 269371 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कातिक ३ गते (20 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**HAPPY NEPAL EMPLOYMENT PVT. LTD.**
श्रम इजाजत पत्र नं. ८८३/०६७/०६८
Maharajgunj-03, 2 No. Gate President House, Kathmandu | Tel. No.: 01-4535733, 4538533
Mob. No.: 9808842640, 9851149772, 9851154008 | Email: Happynepalemployment@gmail.com
Website: Www.happynepalemployment.com.np

**मलेसियामा रोजगार** | कम्पनी : SAIFORCE SECURITY SERVICES SDN BHD शहर : Malaysia

